नेपाल सरकार

शिक्षा मन्त्रालय

## परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर

# २०७३ सालको माध्यमिक शिक्षा परीक्षा (कक्षा-१०) मा आवेदन फाराम भर्ने–भराउने सम्बन्धी सूचना

२०७३ सालको माध्यमिक शिक्षा परीक्षा (कक्षा-१०) **(Secondary Education Examination Grade-10)** को एक्जेम्टेड तथा आंशिक ग्रेडवृद्धि परीक्षामा सम्मिलित हुनका लागि **२०७३ मंसिर २५ गतेभित्र** तपसिलमा उल्लेख भएका विवरणका आधारमा आवेदन फाराम भरी बुझाउने कार्यका लागि सम्बन्धित सबै विद्यार्थी, विद्यालय, जिल्ला शिक्षा कार्यालय तथा क्षेत्रीय शिक्षा निर्देशनालयको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(क) एक्जेम्टेड तथा आंशिक ग्रेडवृद्धि समूह** (साधारण, प्राविधिक, खुला तथा वैकल्पिक र अनौपचारिक प्रौढ विद्यालयका परीक्षार्थी)

१ **एक्जेम्टेड समूह:**

विगतको एसएलसी परीक्षामा अनुत्तीर्ण भएका अथवा आवेदन फाराम भरी एक वा बढी विषयमा परीक्षामा सहभागी भई बिचैमा परीक्षा छोडेका परीक्षार्थीहरू माध्यमिक शिक्षा परीक्षा (कक्षा-१०) को परीक्षामा एक्जेम्टेड समूहबाट सहभागी हुन सक्नेछन् । त्यस्ता परीक्षार्थीहरूले (क) रजिष्ट्रेशन स्लिपको प्रतिलिपि (अनिवार्य), (ख) परीक्षामा अनुत्तीर्ण भएको भए लब्धाङ्कपत्रको प्रतिलिपि (ग) अनुपस्थित भएको भए लेजर र प्रवेशपत्रको प्रतिलिपि संलग्न गरी हालसालै खिचेको पासपोर्ट साइजको ३ (तीन) प्रति फोटो टाँसी आवेदन फाराम भरी तोकिएको **परीक्षा दस्तुरसहित २०७३ मंसिर २५ गतेभित्र** आवेदन फाराम सम्बन्धित विद्यालयमा बुझाइसक्नुपर्नेछ ।

२ **आंशिक ग्रेडवृद्धि समूहः**

२०७२ सालको एसएलसी परीक्षामा नियमित तथा एक्जेम्टेड समूहबाट सम्मिलित भई दुईभन्दा बढी विषयमा सैद्धान्तिकतर्फ डी वा ई ग्रेड प्राप्त गरेका वा दुई विषयसम्म सैद्धान्तिकतर्फ डी वा ई ग्रेड प्राप्त गरी पूरक (ग्रेडवृद्धि) परीक्षामा सम्मिलित भई ग्रेड सुधार गर्न नसकेका परीक्षार्थीहरू डी वा ई ग्रेड प्राप्त सैद्धान्तिक विषयहरुमध्ये चाहेको विषयमा मात्र आंशिक ग्रेडबृद्धि समूहबाट माध्यमिक शिक्षा परीक्षा (कक्षा-१०) को परीक्षामा सहभागी हुन सक्नेछन् । त्यस्ता परीक्षार्थीहरूले (क) रजिष्ट्रेशन स्लिपको प्रतिलिपि र गत वर्ष प्राप्त गरेको ग्रेडसिटको प्रतिलिपि संलग्न गरी हालसालै खिचेको पाटपोर्ट साइजको ३ (तीन) प्रति फोटो टाँसी आवेदन फाराममा उल्लेख भएका आठ विषयहरुको महलमा आफूले परीक्षा दिन चाहेको विषयको क्रमसंख्या **(S.N.)** मा स्पष्ट बुझिने गरी रेजा (✔) चिह्न लगाई आवेदन फाराम भरी तोकिएको **राजस्व दस्तुरसहित २०७३ मंसिर २५ गतेभित्र** आवेदन फाराम सम्बन्धित विद्यालयमा बुझाइसक्नुपर्नेछ ।

३ फाराम भर्दा एक्जेम्टेड समूहका परीक्षार्थीहरुले पहिले दिएका एसएलसी परीक्षाका सबै वर्षका सिम्बोल नम्बरहरु र आंशिक ग्रेडवृद्धि समूहका परीक्षार्थीहरुले २०७२ सालको सिम्बोल नम्बर अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

४ परीक्षार्थीले परीक्षा आवेदन फाराम भर्दा आफूले नियमित अध्ययन गरेको विद्यालयबाट नै भर्नुपर्नेछ । अन्य विद्यालयबाट आवेदन फाराम भरेमा स्वतः रद्द हुनेछ । साथै अन्य विद्यालयका परीक्षार्थीको आवेदन फाराम भराएमा प्रधानाध्यापकलाई विभागीय कारवाही हुनेछ ।

५ एक्जेम्टेड तथा आंशिक ग्रेडवृद्धि दुवै समूहका परीक्षार्थीको **परीक्षा दस्तुर प्रति परीक्षार्थी रु ५००।– (पाँच सय)** कायम रहेको र उक्त परीक्षा दस्तुर **राजस्व खाता नं. १४२२३** मा दाखिला गर्नुपर्नेछ ।

६ विद्यालयहरुले परीक्षार्थीहरुको आवेदन फाराम एक्जेम्टेड र आंशिक ग्रेडवृद्धि समूहको अलग-अलग फाइल बनाई विषयगत रूपमा परीक्षार्थीको वर्णानुक्रम अनुसार सिलसिला मिलाई सोबमोजिमको समष्टिगत फाराम तयार गरी परीक्षा दस्तुर बापतको राजस्व जम्मा गरेको भौचर वा नगदी रसिद समेत संलग्न राखी **२०७३ साल मंसिर २९ गतेभित्र** नै जिल्ला शिक्षा कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ ।

**Note: यस सम्बन्धी सूचना एवम् जानकारी परीक्षा नियन्त्रण कार्यालयको Website www.soce.gov.np बाट प्राप्त गर्न सकिने छ साथै यो सूचना २०७३ साल मंसिर ५ गतेको गोरखापत्रमा समेत प्रकाशित गरिएको छ ।**

७ परीक्षा दस्तुर बापतको राजस्व विद्यालयहरुले जिल्ला शिक्षा कार्यालय वा बैंकमा जम्मा गरिसक्ने अन्तिम मिति २०७३ मंसिर २९ गतेसम्म र जिल्ला शिक्षा कार्यालयहरुले बैंकमा जम्मा गरिसक्ने **अन्तिम मिति २०७३ पौष १ गतेसम्म** कायम गरिएको छ ।

८ जिल्ला शिक्षा कार्यालयहरुले विद्यालयहरूबाट प्राप्त आवेदन फाराम तथा समष्टिगत विवरण फाराम रुजु गरी विद्यालयगत रुपमा (विद्यालय कोड नम्बरको क्रममा) परीक्षार्थीको वर्णानुक्रम अनुसार एक्जेम्टेड समूह तथा आंशिक ग्रेडवृद्धि समूह तर्फको अलग-अलग सिम्बोल नम्बर कायम गरी **२०७३ पौष १० गतेभित्र** परीक्षा नियन्त्रण कार्यालयमा पठाइसक्नुपर्नेछ ।

९ जिल्ला शिक्षा कार्यालयहरुले आवेदन फारामहरुमा सिम्बोल नम्बर कायम गर्दा एक्जेम्टेड समूहका परीक्षार्थीहरुका लागि विगतमा झैं १ बाट नै सुरु गर्ने र आंशिक ग्रेडवृद्धि समूहका परीक्षार्थीका लागि २ बाट सुरु गर्ने । **जस्तैः ताप्लेजुङ जिल्लाकोः एक्जेम्टेड समूहको पहिलो सिम्बोल नम्बर १०१०००१ हुन्छ भने आंशिक ग्रेडवृद्धि समूहको पहिलो सिम्बोल नम्बर २०१०००१ हुन्छ ।**

**(ख) नियमित समूह** (साधारण, प्राविधिक, खुला तथा वैकल्पिक र अनौपचारिक प्रौढ विद्यालयका परीक्षार्थी)

१ जिल्ला शिक्षा कार्यालयले २०७३ साल आषाढ १७ गतेसम्म भरिएका विद्यालयबाट प्राप्त नियमित समूहका परीक्षार्थीको आवेदन फाराम तथा समष्टिगत विवरण फाराम रुजु गरी विद्यालयगत रुपमा (केन्द्रगत वा विद्यालय कोड नम्बरको क्रममा) परीक्षार्थीको वर्णानुक्रम अनुसार सिलसिला मिलाई सिम्बोल नम्बर कायम गरी कम्प्युटरमा इन्ट्री गरी इलेक्ट्रोनिक प्रति **२०७३ मंसिर ३० गते सम्ममा** र प्रमाणित मुद्रित प्रति **२०७३ पुस १० गते सम्ममा** परीक्षा नियन्त्रण कार्यालयमा पठाइसक्नुपर्नेछ ।

२ माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) मा सम्मिलित हुन शैक्षिक सत्र २०७३ मा कक्षा १० मा ७५ प्रतिशत हाजिर भई विद्यालयमा नियमित रुपमा अध्ययन गरेको विद्यार्थी हुनुपर्नेछ । खुला तथा वैकल्पिक र अनौपचारिक प्रौढ विद्यालयका परीक्षार्थीको हकमा खुला विद्यालय सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

३ विद्यालयले आवेदन फाराम भरिसकेका, तर कक्षा १० को परीक्षामा सम्मिलित हुन योग्य नभएका तथा राजस्व जम्मा नगरेका परीक्षार्थीको विवरण तयार गरी **२०७३ साल फाल्गुण १० गतेभित्र** जिल्ला शिक्षा कार्यालयमा बुझाइसक्नुपर्नेछ ।

४ प्रत्येक विद्यालय (प्राविधिक तथा खुलासमेत) ले परीक्षामा सम्मिलित हुन योग्य परीक्षार्थीहरुको प्रयोगात्मक प्राप्ताङ्क तालिका र परीक्षा दस्तुरसहितको विवरण **२०७३ साल फाल्गुण १० गतेभित्र** जिल्ला शिक्षा कार्यालयमा बुझाइसक्नुपर्नेछ ।

५ नियमित परीक्षार्थीहरुको (प्राविधिक तथा खुला विद्यालयका विद्यार्थीहरुसमेत) **परीक्षा दस्तुर प्रति विद्यार्थी रु ५००।–** कायम गरिएको छ । सो बापतको राजस्व रकम जिल्ला शिक्षा कार्यालयले **२०७३ साल फाल्गुण १५ गतेभित्र** बैंक दाखिला गरिसक्नुपर्नेछ ।

६ जिल्ला शिक्षा कार्यालयले विद्यालयबाट प्राप्त विवरणको आधारमा परीक्षामा सम्मिलित हुन योग्य नभएका विद्यार्थीहरुको विवरण समष्टिगत फाराममा काटी तिनको विवरण विद्यालयगत रूपमा छुट्टै तयार गरी (पछिसम्म फरक नपर्ने गरी) **२०७३ साल फाल्गुण २० गतेभित्र** परीक्षा नियन्त्रण कार्यालयमा पठाउनुपर्नेछ ।

७ प्रयोगात्मक अंक हुने विषयहरुको प्रयोगात्मक प्राप्ताङ्क तालिका रुजु गरी विद्यालय कोडको क्रमानुसार सिलसिला मिलाई फाइल गरी **२०७३ फाल्गुण २० गतेभित्र** परीक्षा नियन्त्रण कार्यालयमा पठाइसक्नुपर्नेछ ।

८ माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) का लागि परीक्षा केन्द्र निर्धारण गरी केन्द्र रहने विद्यालयको नाम (कोड नं. समेत अनिवार्य) त्यस केन्द्रमा सामेल हुने विद्यालयको नाम (कोड नं. समेत अनिवार्य) परीक्षार्थी संख्या र ऐच्छिक विषयको विवरण (नियमित, एक्जेम्टेड आंशिक ग्रेडवृद्धिसमेत) खुलाई परीक्षा केन्द्रको विवरण **२०७३ पौष १० गतेभित्र** परीक्षा नियन्त्रण कार्यालयमा पठाइसक्नुपर्नेछ । पठाइसकेको परीक्षा केन्द्रको विवरणमा कुनै हेरफेर गर्न पाइनेछैन ।

९ परीक्षा केन्द्र निर्धारण गर्दा गत वर्ष कायम भएका परीक्षा केन्द्रहरु नबढ्ने गरी निर्देशिकाले निर्धारण गरेका आधारहरुमा आफ्नै विद्यालय (Home Centre) नपर्ने गरी गर्नुपर्नेछ । परीक्षा केन्द्र थप नगरी नहुने अवस्था भएमा त्यसको औचित्य र पुष्ट्याइँसहित परीक्षा नियन्त्रण कार्यालयबाट पूर्वस्वीकृति लिएर मात्र थप गर्नुपर्नेछ ।

१० माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) मा सम्मिलित हुन आवेदन फाराम भरेका परीक्षार्थीहरुको केन्द्र परिवर्तन हुनेछैन ।

११ कक्षा ९ मा रजिष्ट्रेशन फाराम भरेको विद्यालयबाहेक अन्य विद्यालयबाट परीक्षा आवेदन फाराम भरेको वा दोहोरो रजिष्ट्रेशन तथा आवेदन फाराम भरेको पाइएमा त्यस्ता परीक्षार्थीको परीक्षा स्वतः रद्द हुनेछ ।

परीक्षा नियन्त्रण कार्यालय
सानोठिमी, भक्तपुर ।

**Note: यस सम्बन्धी सूचना एवम् जानकारी परीक्षा नियन्त्रण कार्यालयको Website www.soce.gov.np बाट प्राप्त गर्न सकिने छ साथै यो सूचना २०७३ साल मंसिर ५ गतेको गोरखापत्रमा समेत प्रकाशित गरिएको छ ।**